Agricultural Development Bank Ltd.

# कृषि विकास बैंक लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)

**मुख्य कार्यालय, जनशक्ति ब्यवस्थापन विभाग**

## कर्मचारी दरखास्त आव्हान सम्वन्धी सूचना

(सूचना प्रकाशन मिति २०७६/०३/३१)

यस बैंकको आ.व.२०७५/०७६ को वार्षिक वजेट तथा कार्यक्रममा स्वीकृत कर्मचारी दरवन्दीमा रिक्त रहेका तपसिलमा उल्लेखित पद र तहमा **लोक सेवा आयोगबाट मिति २०७६/०३/२९ मा** प्राप्त सहमति अनुसार खुला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक योग्यता पुगेका नेपाली नागरिकहरुबाट २०७६/०३/३१ गतेदेखि अनलाइन दरखास्त फाराम आव्हान गरिएको छ। उम्मेदवारहरुले https://recruitment.adbl.gov.np बाट अनलाइन मार्फत आवेदन गर्न सक्नेछन्।

नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा रहेको संस्थामा कार्यरत उम्मेदवारहरुले आवेदन गर्दा आफू कार्यरत रहेको संस्थाबाट विभागीय स्वीकृति समेत अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ। सेवाको लागि तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको, तोकिएको उमेरहद भित्र नपरेका, तोकिएको परीक्षा दस्तुर नवुझाएका वा तोकिएका अन्य रीत नपुगेका दरखास्तहरु उपर कुनै कारवाही हुने छैन। साथै, नेपाल सरकार वा कुनै संगठित संस्था वा बैंक/वित्तीय संस्थाको सेवाबाट भविष्यमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त भएका, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएका, नेपाल राष्ट्र बैंकबाट जारी भएको नियमन तथा निर्देशन अनुसार बैंक/बित्तीय संस्थाको कुनै पदमा नियुक्ति हुन अयोग्य हुने भनी तोकिएको, बैंक/वित्तीय संस्थाको ऋण नतिरी कालो सूचीमा परेको, मानसिक सन्तुलन ठिक नभएको वा कानुन बमोजिम योग्यता नपुगेको व्यक्तिले झुटा बिवरण उल्लेख गरी दरखास्त फारम भरेमा सोको जवाफदेही दरखास्तवाला उम्मेदवार स्वयम् हुनु पर्नेछ।

आवेदकले अनलाइन मार्फत दरखास्त फाराम भरी आवेदन गरेपछि परीक्षा दस्तुर वापतको रकम ADBL Mobile Banking वा E-Sewa वा Fone pay बाट अनलाइन मार्फत नै भुक्तानी गर्नु पर्नेछ। यसरी अनलाइन मार्फत परीक्षा दस्तुर बुझाउँदा परीक्षा दस्तुर वाहेक अन्य कुनैपनि शुल्क नलाग्ने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

### तपसिल

**(१) विज्ञापन नं., पदको नाम, तह, सेवा/समूह र आवश्यक पद संख्या:**

| क्र.स. | विज्ञापन नं. | पद | तह | स्तर | सेवा/ समूह | कुल पद संख्या | खुला तर्फ | समावेसी तर्फ | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | महिला | आ.ज | मधेशी | दलित | अपाङ्ग | पि.क्षे |
| १ | ०६/२०७५/७६ | वरिष्ठ शाखा प्रमुख | ९ | अधिकृत | प्रशासन/प्रशासन | ८ | ४ | १ | १ | १ | १ | | |
| २ | ०७/२०७५/७६ | वरिष्ठ लेखा अधिकृत (CA/ACCA) | ७ | अधिकृत | प्रशासन/प्रशासन | २२ | १२ | ३ | ३ | २ | १ | १ | |
| ३ | ०८/२०७५/७६ | वरिष्ठ ईन्जिनियर (आईटी) | ७ | अधिकृत | प्राविधिक/सु.प्र. | २० | ११ | ३ | २ | २ | १ | १ | |
| ४ | ०९/२०७५/७६ | व्यवसाय सहायक | ५ | सहायक | प्रशासन/प्रशासन | १०७ | ५९ | १५ | १४ | १० | ४ | ३ | २ |
| ५ | १०/२०७५/७६ | MIS सहायक | ५ | सहायक | प्रशासन/प्रशासन | १३ | ७ | २ | २ | १ | १ | ० | ० |
| ६ | ११/२०७५/७६ | ओभरसियर (सिभिल) | ५ | सहायक | प्राविधिक/प्राविधिक | ५ | ३ | १ | १ | ० | ० | ० | ० |
| ७ | १२/२०७५/७६ | लेखपाल (बिराटनगर केन्द्र) | ४ | सहायक | प्रशासन/प्रशासन | ६७ | ३६ | १० | ८ | ७ | ३ | २ | १ |
| ८ | १३/२०७५/७६ | लेखपाल (भैरहवा केन्द्र) | ४ | सहायक | प्रशासन/प्रशासन | १०० | ५४ | १५ | १३ | १० | ४ | २ | २ |
| ९ | १४/२०७५/७६ | लेखपाल (सुर्खेत केन्द्र) | ४ | सहायक | प्रशासन/प्रशासन | ४२ | २३ | ६ | ६ | ४ | २ | १ | ० |
| | | - जम्मा : | | | | ३८४ | २०९ | ५६ | ५० | ३७ | १७ | १० | ५ |

(२) **सेवाको किसिमः-** स्थायी ।

(३) **सेवाको शर्त, तलव, भत्ता तथा सुविधाः-** बैंक नियम अनुसार हुनेछ ।

(४) **कामको किसिम र काम गर्नुपर्ने क्षेत्रः-** परीक्षामा सफल भई नियुक्ति हुने उम्मेदवारहरुले प्रचलित कानुनको अधीनमा रही बैंकले तोके अनुसारको कार्य गर्नु पर्नेछ । विज्ञापन नं.०६/२०७५/७६, पद वरिष्ठ शाखा प्रमुख, विज्ञापन नं.०७/२०७५/७६ पद वरिष्ठ लेखा अधिकृत (CA/ACCA), विज्ञापन नं.०८/२०७५/७६ पद वरिष्ठ ईन्जिनियर (आईटी), विज्ञापन नं.१०/२०७५/७६, पद MIS (व्यवस्थापन सूचना प्रणाली) सहायक र विज्ञापन नं.११/२०७५/७६, पद ओभरसियर (सिभिल) मा नियुक्त हुने कर्मचारीले बैंकले खटाएको जुनसुकै कार्यालयमा काम गर्नु पर्नेछ । विज्ञापन नं.०९/२०७५/७६, पद व्यवसाय सहायकमा नियुक्त हुने कर्मचारीले काठमाण्डौं उपत्यका बाहिर बैंकले खटाएको कार्यालयमा अनिवार्य रुपमा कम्तीमा पाँच बर्षसम्म काम गर्नु पर्नेछ । विज्ञापन नं.१२/२०७५/७६, पद लेखपाल (विराटनगर केन्द्र) बाट नियुक्त हुने कर्मचारीले प्रदेश-१ र प्रदेश-२ अन्तरगत, विज्ञापन नं.१३/२०७५/७६, पद लेखपाल (भैरहवा केन्द्र) बाट नियुक्त हुने कर्मचारीले प्रदेश-३ को काठमाण्डौ उपत्यका बाहिर, गण्डकी प्रदेश र प्रदेश-५ अन्तरगत र विज्ञापन नं.१४/२०७५/७६, पद लेखपाल (सुर्खेत केन्द्र) बाट नियुक्त हुने कर्मचारीले कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेश अन्तरगत बैंकले खटाएको जुनसुकै कार्यालयमा कम्तीमा पाँच बर्षसम्म काम गर्नु पर्नेछ ।

(५) **आवश्यक न्युनतम शैक्षिक योग्यता र अनुभवः-**

(क) **वरिष्ठ शाखा प्रमुख (तह-९) पदको लागिः-** मान्यता प्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र, कानून, व्यवस्थापन, सूचना प्रविधि विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण भएको र ने.रा.बैंकबाट "क" बर्गको इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थामा अधिकृतस्तरको पदमा कम्तीमा ७ बर्षको कार्यानुभव भएको ।

(ख) **वरिष्ठ लेखा अधिकृत (सिए/एसिसिए) (तह-७) पदको लागिः-** मान्यता प्राप्त संस्थाबाट चार्टड एकाउण्टेन्सी CA वा ACCA को उपाधि र मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण भएको ।

(ग) **वरिष्ठ ईन्जिनियर (आई.टी) (तह-७) पदको लागिः-** मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित आइ.टि./कम्प्युटर/नेटवर्क/हार्डवेयर/सफ्टवेयर/इन्जिनियरिङ्ग/ईलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन विषयमा स्नातकोत्तर तह उत्तीर्ण भएको ।

(घ) **व्यवसाय सहायक (तह-५) पदको लागिः-** मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन, वाणिज्य वा व्यापार संकाय वा मानविकी संकायमा मूल विषय अर्थशास्त्र लिई स्नातक तह उत्तीर्ण भएको तथा कम्प्युटर सम्बन्धी न्युनतम ३ महिने आधारभूत तालीम हासिल गरेको ।

(ङ) **MIS (ब्यवस्थापन सूचना प्रणाली) सहायक (तह-५) पदको लागिः-** मान्यता प्राप्त विश्वविद्यालयबाट ब्यवस्थापन संकायमा कम्प्युटर मुल विषय लिई स्नातक तह उत्तीर्ण गरेको ।

(च) **ओभरसियर (सिभिल) (तह-५) पदको लागिः-** मान्यता प्राप्त विश्वविद्यालय वा CTEVT द्वाट मान्यता प्राप्त संस्थाबाट सम्बन्धित सिभिल इन्जिनियरिङ्ग विषयमा ३ वर्षे डिप्लोमा कोर्ष उत्तीर्ण भएको ।

(छ) **लेखपाल (तह-४) पदको लागिः-** मान्यता प्राप्त विश्वविद्यालय वा परीक्षा बोर्ड वा संस्थाबाट व्यवस्थापन संकाय वा मानविकि संकायमा मूल विषय अर्थशास्त्र लिई प्रविणता प्रमाणपत्र वा १०+२ उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी न्युनतम ३ महिनाको आधारभुत तालीम हासिल गरेको ।

पुनश्च : उम्मेदवारले मान्यता प्राप्त शैक्षिक संस्था वा निकायबाट प्राप्त गरेको शैक्षिक योग्यता सिजिपिए प्रद्धतिमा रहेको भएमा प्रत्येक विषयमा न्युनतम D (डि) ग्रेड प्राप्त गरेको हुनु पर्नेछ । बिदेशबाट प्राप्त गरेको उपाधि त्रिभुवन विश्वविद्यालयले समान स्तर उपाधि निर्धारण गरे अनुसार हुनेछ ।

(६) **अनलाइनबाट फाराम भर्ने प्रकृयाः-** आवेदन फाराम अनलाइनबाट मात्र भर्न सकिनेछ । आवेदकले अनलाइन मार्फत दरखास्त फाराम भर्दा शुरुमा बैंकको www.recruitment.adbl.gov.np मा आफ्नो विवरण भरी Registration गर्नु पर्नेछ । रजिष्ट्रेशन गर्दा आवेदकले दिएको मोबाईलमा SMS बाट रजिष्ट्रेशन नं. प्राप्त हुनेछ । यसरी प्राप्त नम्बरलाई User ID र Password को रुपमा प्रयोग गरी login गरेर बैंकले तोकेको अनलाइन दरखास्त फाराम भर्नु पर्नेछ । फाराममा तोकिएका सम्पूर्ण बिवरणहरु भरी सो साथ उम्मेदवारको हालसालै खिचेको पासपोर्ट साईजको फोटो, दस्तखतको नमूना, नेपाली नागरिकताको प्रमाणपत्र, दरखास्त दिने पदको लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको प्रमाणपत्र, ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र, कामको

अनुभव तथा तालीम आवश्यक हुने पदका लागि सोको प्रमाणपत्र र समावेशी समुहतर्फको आवेदक भएमा सोका लागि तोकिएको आवश्यक कागजातहरु अनिवार्य रुपमा Scan गरी Upload गर्नु पर्नेछ । दरखास्त फाराम Submit गरे पश्चात "Form has been Submitted", परीक्षा दस्तुर भुक्तानी भए पश्चात "Payment Successfully Received", भरिएको फारम स्वीकृत भएपछि "...has been approved" र भरिएको फारम अस्वीकृत भएमा "...has been rejected", भन्ने जानकारी SMS मार्फत फाराम भर्दा दिईएको मोबाइल र ईमेलमा प्राप्त हुनेछ। सो अनुरुपको SMS प्राप्त भए नभएको सम्वन्धमा सम्वन्धित दरखास्तवालाले एकिन गर्नु पर्नेछ । उम्मेदवारहरुलाई परीक्षाको प्रवेशपत्र पनि अनलाइन मार्फत नै प्राप्त हुने हुदा आफ्नो Registration No. र Password सुरक्षित राख्नु पर्नेछ ।

(७) **परीक्षा दस्तुरः-** उम्मेद्वारहरुले प्रत्येक विज्ञापनमा आवेदन गर्दा सहायक स्तर (तह ४ र तह ५) को लागि खुला तर्फ रु.८००।- र समावेशीतर्फ प्रत्येक समूहको लागि थप रु.४००।- का दरले, र अधिकृत स्तर (तह ७ र तह ९) को लागि खुला तर्फ रु.१,०००।- र समावेशीतर्फ प्रत्येक समूहको लागि थप रु.५००।- का दरले शुल्क बुझाउनु पर्नेछ । कुनै एक समावेशी समूहको लागि मात्र आवेदन गरेमा खुलातर्फको लागि तोकिएको दस्तुर बुझाउनु पर्नेछ ।

(८) **परीक्षा दस्तुर बुझाउने प्रकृया :-** अनलाइन (Online) दरखास्त फाराम Submit गरे पश्चात View all vacancies मा Click गरी आफुले आवेदन गरेको सम्वन्धित विज्ञापनको Payment Option मा गई ADBL Smart Banking वा e-Sewa वा Fone-pay मार्फत तोकिए बमोजिमको परीक्षा दस्तुर बुझाउनु पर्नेछ। यसरी परीक्षा दस्तुर बुझाउदा एक भन्दा बढी विज्ञापनमा दरखास्त फाराम भर्ने उम्मेदवारले हरेक विज्ञापनका लागि छुट्टा-छुट्टै दस्तुर बुझाउनु पर्नेछ ।

(९) **समावेशी तर्फ दरखास्तको आधार :-** समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु संलग्न गरी दरखास्त दिनु पर्नेछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित प्रमाणित प्रति साथमा लिई आउनु पर्नेछ । उल्लेखित कागजातहरु दरखास्त दिने अन्तिम मिति २०७६/०४/२० गतेभित्र कायम रहेको हुनुपर्नेछ ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिका हकमा सो ऐनको सूचीको आधारमा। तर, नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा । तर, नेपाल राजपत्रमा सूचना प्रकाशित गरी संस्था नतोकेसम्म सम्वन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गरिएको कागजात ।

(ग) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा । तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरिएको कागजात ।

(घ) अपाङ्गता भएका व्यक्तिको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको आधारमा वा प्रचलित कानूनमा व्यवस्था भए बमोजिमको कागजातको आधारमा ।

(ङ) पिछडिएको क्षेत्रको हकमा अछाम, बझाङ्ग, बाजुरा, जुम्ला, हुम्ला डोल्पा, मुगु, कालिकोट र जाजरकोट जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्वन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्वन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडि सम्मको सिफारिश पत्र । उल्लेखित जिल्लामा विवाह गरी वा बसाइँसराई गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइको हकमा बसोबास छाडेको र गएको स्थानीय तहको बसाइँसराई गरेको खुल्ने कागजात ।

(१०) **उम्मेद्वारको उमेरको हदः-** उम्मेदवारले दरखास्त दिने अन्तिम मितिसम्म तह ४ र तह ५ को पदमा आवश्यक न्यूनतम उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, तह ७ को लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र तह ९ को

लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ । साथै, सबै पदको लागि महिला र अपाङ्गता भएका व्यक्तिको हकमा उमेरको माथिल्लो हद ४० बर्ष ननाघेको हुनेछ ।

(११) **दरखास्त फाराम भर्ने अवधिः-** मिति २०७६/०३/३१ देखि २१ दिन (अन्तिम मिति २०७६/०४/२० गतेसम्म)

(१२) **दोब्बर दस्तुर तिरी फाराम भर्नेः-** दोब्बर दस्तुर तिरी दरखास्त दिने अन्तिम मिति २०७६/०४/२१ देखि ७ दिन अर्थात मिति २०७६/०४/२७ सम्म (दरखास्त दिने अन्तिम मिति २०७६/०४/२० पछि प्राप्त भएको शैक्षिक योग्यता, समावेशीको प्रमाणपत्र, परिषद् दर्ता प्रमाणपत्र, तालीम, अनुभव, सेवा अवधि तथा उमेरको हद मान्य हुने छैन)

(१३) **उम्मेदवारहरुको छनौट विधिः-** उम्मेदवारहरुको छनौट लिखित परीक्षा र अन्तरवार्ताबाट हुनेछ । अनलाइन आवेदन स्वीकृत भएका उम्मेदवारहरुको बिवरण बैंकको वेभसाईटमा प्रकाशन गरिने छ । आवेदन स्वीकृत भएका उम्मेदवारहरु मात्र लिखित परीक्षामा र लिखित परीक्षामा सफल भएका उम्मेदवारहरुले मात्र अन्तरवार्तामा सहभागी हुन पाउने छन् ।

(१४) **लिखित परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः-** उपरोक्त विज्ञापनहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ । विज्ञापन नं.६/२०७५/७६ देखि विज्ञापन नं. ११/२०७५/७६ सम्म तह ५, तह ७ र तह ९ का पदहरुको लिखित परीक्षा काठमाण्डौ केन्द्रमा सञ्चालन हुनेछ । त्यसैगरी, विज्ञापन नं. १२/२०७५/७६, पद लेखपाल (विराटनगर केन्द्र) को लिखित परीक्षा विराटनगरमा, विज्ञापन नं.१३/२०७५/७६, पद लेखपाल (भैरहवा केन्द्र) को लिखित परीक्षा भैरहवामा र विज्ञापन नं. १४/२०७५/७६ पद लेखपाल (सुर्खेत केन्द्र) को लिखित परीक्षा सुर्खेतमा लोक सेवा आयोगले तोके अनुसारका केन्द्रहरुमा संचालन हुनेछ । लिखित परीक्षा हुने मिति बैंकको वेभसाइट र गोरखापत्रमा मिति २०७६/०५/१३ गते शुक्रवार प्रकाशन गरिने छ । उक्त परीक्षाको समय र स्थान लोक सेवा आयोगबाट सूचना प्रकाशन गरे अनुसार हुनेछ ।

(१५) **परीक्षणकालको अवधिः-** पुरुष कर्मचारीको लागि एक वर्ष र महिला कर्मचारीको लागि छ महिना परीक्षणकाल अवधि रहनेछ ।

(१६) **पाठ्यक्रम तथा लिखित परीक्षाः-** सबै पदहरुको लिखित परीक्षाको पाठ्यक्रम बैंकको वेभसाईट http://www.adbl.gov.np/adbl_career-syllabus-forms.html मा राखिएको छ । एकै तहका विभिन्न पदहरुको प्रथम पत्रको पाठ्यक्रम एउटै हुने र लिखित परीक्षा समेत एकै दिन र एकै समयमा हुनेछ ।

(१७) अनलाइन मार्फत प्राप्त आवेदनहरुको स्वीकृत/अस्वीकृत गर्ने अधिकार बैंकलाई हुनेछ ।

(१८) अनलाइन दरखास्त आवेदन गर्दा कुनै द्विविधा भएमा यस बैंकको जनशक्ति व्यवस्थापन विभागको फोन नं. ०१-४२१९२४१ वा एक्स्टेन्सन नं. १३०८, १३१६, १३१३, १३१७ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
जनशक्ति व्यवस्थापन विभाग
मुख्य कार्यालय, काठमाडौं

सदस्य सचिव
पदपूर्ति समिति
कृषि विकास बैंक लि.